## आर्थिक वर्ष २०७७।०७८ को

# गाउँ विकास योजना

## नीति तथा कार्यक्रम सहित



## खप्तडछान्ना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छान्ना, बझाङ्ग

सूदुरपश्चिम प्रदेश, नेपाल

२०७७

## सातौं गाउँसभा तथा सार्वजनिक सुनुवाईका झलकहरु






आर्थिक वर्ष २०७७।०७८ को

# गाउँ विकास योजना

## नीति तथा कार्यक्रम सहित

खप्तडछान्ना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

छान्ना, बझाङ्ग

सूदुरपश्चिम प्रदेश, नेपाल

२०७७

# दुई शब्द



सम्पुर्ण विश्व नै कोभिड- १९ (कोरोना भाइरस) महामारीको चपेडामा परिरहेको चुनौती पुर्ण असहज अवस्थामा गाँउपालिका क्षेत्रको समग्र विकासका लागी गाँउपालिकाको योजनाले अन्यन्त महत्व राख्दछ । स्थानिय तहमा बजेट तर्जुमा,कार्यन्वयन,आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्वन्धी निर्देशिका,२०७४ र स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले चरणबद्ध योजना छनौट प्रक्रियालाई स्पष्ट व्यवस्था गरिएको छ । बस्तिस्तर,वडासभा,राजश्व परामर्श,श्रोत अनुमान तथा बजेट निर्धारण ,पुर्व योजना तर्जुमा बजेट तथा कार्यक्रम तर्जुमा,विषयगत समिति,एकिकृत योजना तर्जुमा समिति,गाँउ कार्यसमितिकाको बैठक र गाँउ सभा गरी विभिन्न प्रक्रियाहरु पार गर्दै यो योजना तयार गरिएको हो ।

सिमित आन्तरिक स्रोत्त तथा न्युन पुजिगत अनुदानको परिधिभित्र रही विगत देखी गाँउसभाले सम्बोधन गरेका छान्ना क्षेत्र भित्रको विकासका लागी निरन्तरता दिइएका महत्वपुर्ण योजनाहरु तथा विषयगत समितिहरुले प्राथमिकता दिइएका योजनाहरुलाई यस आ.वको बजेटमा अधिकतम समाबेश गर्ने प्रयास गरिएको । “विकासमा प्रतिवद्ध, आर्थिक रुपमा समृद्ध” भन्ने मुलनारा लाई साकार पार्न यस गाँउविकास योजनाले महन्वपुर्ण भुमिका खेल्ने छ भन्ने विश्वास लिएको छु ।

यस गाँउपालिकामा निर्वाचित जनप्रतिनिधि ज्यूहरु,सहभागीभई यस वर्षको सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरुमा सम्पुर्ण राजनैतिकदल,विषयगत शाखाका प्रमुख तथा संयोजकहरु,विकास साझेदार संघ संस्थाहरु लगायत छान्ना बासी सवै सरोकारवालाहरुले खेल्नु भएको भुमिकाप्रति म हार्दिक कृतज्ञताका साथ धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस गाँउविकास योजनाप्रकासन बाट सम्वद्ध सवै सरोकारवालाहरुलाई छान्ना क्षेत्रभरीमा संचालन गरिने सवै विकास परियोजनाहरुको जानकारी हुनुका साथै सहभागीतात्मक योजनातर्जुमा,सोको कार्यान्वयन,अनुगमनमा प्रभावकारीता तथा पारदर्शितामा सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

(बर्क बहादुर रोकाया)
गाँउपालिका अध्यक्ष
खप्तडछान्ना गाँउपालिका
छान्ना,बझाङ्ग



# दुई शब्द

खप्तडछान्ना गाँउपालिकाको ऐतिहासिक सातौं गाँउपालिकाको निति कार्यक्रम तथा बजेट आयोजनाको बजेट बक्तब्य पछि प्रकासन हुन लागेको पुस्तकका सन्दर्भमा आ.व.२०७७/०७८ सालको नीति तथा कार्यक्रम पुर्ण सफलताको शुभेच्छा ब्यक्त गर्न चाहन्छु ।

यस खप्तडछान्ना गाँउपालिकाको समग्र विकासका लागी यस गरिमामय गाँउ कार्यपालिकाका सम्मानिय अध्यक्ष ज्यू लगायत वडा अध्यक्ष साथीहरु र सवै मेरा सहकर्मी साथीहरुको सुझाव सल्लाह र जन भावना र आवश्यकताको प्रागमिकिरण र प्रमाणीकरण दिगो विकासका लागी सदा सहायता गर्नुहुने सवै साथीहरु धन्यवादका पात्र हुनुहुन्छ । मैले मेरो गाँउकार्यपालिकाको तर्फबाट आ.व २०७७/७८ को नीति कार्यक्रम तथा बजेट प्रस्तुतको क्रममा सवै बस्ती,टोल र अझै आबश्यकीय महत्वपुर्ण ठाँउ छुटेका हुन सक्छन त्यसका लागी अगाडी कार्यक्रममा समेत समावेश गर्न तर्फ गाँउकार्यपालिका अग्रसर हुने कुरामा विश्वस्त छु ।

यस गाँउपालिकाको अझै दिगो विकासका लागी कृषिमा नयाँ आधुनिकिकरण,रसायनिक मल भन्दा प्रागारिक मलको प्रयोग नयाँ नयाँ विउविजन फलफुल,बमौसमी तरकारी खेती पशुपालन ब्यवसाय ,बालमैत्री शिक्षा,सुरक्षित मातृत्व,खोप,भिटामिन खुवाउने र विश्वभर माहाकारीको रुपमा फैलिरहेको कोरोना भाइरस लाई नियन्तण गर्नका लागी सिमित बजेटको सिमा भित्र ब्यवस्थापन गर्ने प्रयास सवै गाँउकार्यपालिका बासीको रहेको छ ।

यस आ.व २०७७/०७८ को कार्यक्रम सफल पार्न विगत वर्षको कार्यक्रम भन्दा अझै राम्रो कसरी बनाउन सकिन्छ भन्ने तर्फ सवै उपभोक्ता समिति,आम उपभोक्ता,सवै अनुगमन समितिको सहि सल्लाहहरु लिई यस आ.व.मा नसमेटीएका र केही महत्वका विषयबस्तुहरु लाई आ.व.२०७८/०७९ को कार्यक्रममा समेट्ने प्रयास गरिने छ ।

धन्यवाद !

(पावसरा थापा)
गाँउपालिका उपाध्यक्ष
खप्तडछान्ना गाँउपालिका
छान्ना,बझाङ्ग

# मन्तव्य

सम्पुर्ण विश्व नै कोभिड- १९ (कोरोना भाइरस) महामारीको चपेडामा परिरहेको चुनौती पुर्ण असहज अवस्थामा यस खप्तडछान्ना गाँउपालिकाको सम्पन्न ऐतिहासिक सातौं गाउँसभाबाट पारित आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रमको पूर्ण विवरण एवं गाउँपालिकाबाट सञ्चालन हुने गाउँ विकास योजनाहरुको विस्तारित खाका समेटिएको “वार्षिक गाउँ विकास योजना २०७७” को पुस्तक प्रकाशन गरी सार्वजनिक गर्न पाउँदा हर्षित भएको छु ।

नेपालको संविधान २०७२ बमोजिम स्थानीय सरकारलाई स्रोतसाधन तथा अधिकारले सम्पन्न बनाउने उद्देश्य अनुरुप यस गाउँपालिकाले जनप्रतिनिधिहरुमार्फत् विकास निर्माण एवं जनचाहनाका कार्यक्रमहरुलाई सफलतापूर्वक अगाडि बढाई रहेकोमा हामी अत्यन्त उत्साहित भएको छौं ।

यस गाउँपालिकाका लागि नेपाल सरकारबाट विनियोजन भएको र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक राजस्व संकलनबाट प्राप्त रकमलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही गाउँपालिकाका ७ वटै वडाहरुबाट माग गरिएका कार्यक्रम तथा आयोजनाहरुका सम्बन्धमा गाउँ कार्यपालिकाबाट गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जूमा समितिका बैठकहरुमा वृहत छलफल भई उक्त समितिहरुको सुझावका आधारमा गाउँ कार्यपालिकाको बैठकबाट कार्यक्रम तथा आयोजनाहरु छनौट गरी तयार पारिएको आगामी वर्षको नीति तथा कार्यक्रम र गाउँ कार्यपालिकाबाट सञ्चालन गरिने वार्षिक बजेट तथा कार्यक्रमहरु ऐतिहासिक सातौं गाउँसभाबाट स्वीकृत भएको व्यहोरा सम्पूर्ण गाउँबासीहरुमा जानकारी गराउन चाहन्छु ।

अन्त्यमा, गत आ.व. ०७६।०७७ का कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन एवं सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नुहुने जनप्रतिनिधिज्यूहरु, कार्यपालिका एवं गाउँसभाका पदाधिकारीज्यूहरु, स्थानीय बुद्धिजीविज्यूहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, सरोकारवालाहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, सम्पूर्ण स्थानीयबासीहरु लगायत यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिँदै आगामी दिनहरुमा पनि यहाँहरुबाट अझ बढी पारदर्शीता, मितव्ययिता, सहभागीताका साथै थप उत्तरदायी भूमिकाको अपेक्षा राख्दछु ।

धन्यवाद !

( दिपक कुमार रावल )
नि.प्रमुख प्रशासकीय अधिकृत
खप्तडछान्ना गाउँ कार्यपालिकाको कार्यालय

## ंखप्तडछान्ना गाउँपालिकाको आ.व.२०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**गाउँसभाका सचिवज्यू,**
**उपस्थित कर्मचारीज्यूहरु,पत्रकारज्यूहरु लगायत**
**सम्पूर्ण उपस्थित महानुभावहरु ।**

- सम्पुर्ण विश्व नै कोभिड- १९ (कोरोना भाइरस) महामारीको चपेडामा परिरहेको चुनौती पुर्ण असहज अवस्थामा यस खप्तडछान्ना गाँउपालिकाको आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु ।
- कोभिड - १९ (कोरोना भाइरस)का कारण विश्वमै लाखौ मानिसले ज्यान गुमाइ सकेको छ अरु लाखौ मानिस संक्रमित रहेका छन । यस माहामारीमा ज्यान गुमाउनु हुने नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, तथा यस महामारीमा संक्रमितहरुको स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु । देशको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा इतिहासका विभिन्न कालखण्डहरुमा जनाधिकार, लोकतान्त्रिक मुल्य मान्यताको स्थापनाको लागि शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवं सामाजिक परिवर्तनका लागि युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज शिखर व्यक्तित्वप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।
- यस जोखिम पुर्ण परिस्थितीमा अग्रपङतीमा रहेका स्वास्थ्य कर्मी,सुरक्षा कर्मी,राष्ट्र सेवक कर्मचारी,जनप्रतिनिधि ज्यूहरु लगाएक सम्पुर्ण सवैमा उच्च प्रशंसा गर्दछु ।
- यस गाउँपालिकाबाट संचालित सम्पूर्ण विकासका कार्यक्रमहरु गाउँ कार्यपालिका, विषयगत शाखा, वडासँग समन्वय र सहभागितामा भई राखेको कुरा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई अवगत नै छ । यस गाउँपालिकाका लागि नेपाल सरकारबाट विनियोजन भएको र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक राजस्व संकलनबाट प्राप्त रकमलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही नेपाल सरकार र प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भौगोलिक, जनसंख्याको आधारमा रही चालु आ.व.मा संचालन भएका र आगामी आ.व.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने यो प्रजातान्त्रिक विधि र संस्कारलाई आत्मसात गर्दै म चालु आ.व.को यथार्थ आय व्यय र आगामी आ.व.को प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्न अनुमति चाहन्छु ।

**अध्यक्ष महोदय,**

- सिमित वित्तीय स्रोतबाट असिमित जनआकांक्षाहरुलाई सम्बोधन गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै उपलब्ध स्रोत र साधनलाई जनअपेक्षा अनुरुप व्यवस्थापन गर्ने यथेष्ट प्रयास गरेको छु ।
- गाउँपालिकाले लिएको आर्थिक समृद्धिको अभियानलाई साकार पार्न नेपाल सरकार र प्रदेश सरकारका मार्गदर्शन र निर्देशनहरुलाई हृदयङ्गम गरी गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु लगायत विकास तथा नीति निर्माणमा सम्वद्ध सबै सरोकारवालाहरुको व्यापक सहभागीतामा **“विकासमा प्रतिवद्ध, आर्थिक रुपमा समृद्ध”** भन्ने मूल नारा सहितको गाउँपालिकाको समग्र आर्थिक विकासका लागि दीर्घकालिन सोंच, लक्ष्य, रणनीतिहरु, अवलम्वन गरी प्राथमिकीकरणका आधारमा तय गरिएका आयोजना तथा कार्यक्रमहरुलाई यसै गरिमामय सभाबाट सहर्ष पारित गरी सभाकै मितिबाट कार्यान्वयन हुने कुरामा म विश्वस्त छु ।

- गाउँपालिकाबाट कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक, पूर्वाधारको आवश्यकता हेरी सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन गर्न आवश्यक पर्ने ऐन, नियम, कार्यविधि तथा निर्देशिका तयार गर्न पर्याप्त बजेटको व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

**अब म चालु आ.व.मा यस गाँउपालिका अन्तर्गत कायान्वयन भएका विकास निर्माणका योजना तथा कार्याक्रमहरुको सम्पुर्ण विवेचना गर्न चाहन्छु ।**

१. गाँउपालिकाको गौरवका योजनाहरु कार्यान्वय अन्तीम चरमा रहेका छन ।

२. उपभोक्ता समितिबाट सचालन हुने काम लगभव सम्पन्न भएका छन ।

३. वडा कार्यालय र स्वास्थ्य इकाइ भवन निमार्णधिन कार्यमा रहेका छन ।

४.संघिय सरकार संगको सम्पुरक साझेदारी संचालीत योजनाहरु टेन्डरद्धारा निमार्णधिन अवस्थामा रहेका छन ।

५. कोभिड-१९ (कोरोना भाइरस) रोकथामका लागी प्रयास भइरहेको छ ।

६. खप्तडछान्ना गाँउपालिकाको गुरुयोजना निमार्ण कार्य संचालनमा रहेको छ ।

७.

**मुलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयमा देहायका बमोजिमका व्यवधानहरु रहन गय**

- विकास निमार्ण कार्य अल्ली ढीला  सचालन हुनु ।
- सुरुमा गाँउपालिकामा दरबन्दी अनुसारका कर्मचारीहरु नहुनु ।
- भौगोलिक कठीनाई ।
- कोरोनाका कारण देश बन्दाबन्दीको अवस्थामा रहेकाले काम सचालन गर्न सकिएन ।

**अध्यक्ष महोदय,**

**अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना विनियोजनबाट  प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

- आर्थिक वर्ष २०७७।०७८ का लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तर्फ रु. १० करोड १४ लाख, राजस्व बाँडफाँड तर्फ रु. ६ करोड ५२ लाख ४१ हजार ८० र सर्शत अनुदान तर्फ रु. १८ करोड ४० लाख,विषेश र सम्पुरक अनुदानमा २ करोड ४१ लाख, प्रदेश समानिकरण ६९ लाख ७५ हजार,प्रदेश राजश्व बाडफाड ९ लाख २० हजार,आन्तरिक राजश्व तर्फ ६ लाख गरी जम्मा ३८ करोड २६ लाख ३६ हजार ८० रुपैया  विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

**अब म नीति तथा कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

**आगामी आर्थिक वर्ष २०७७०७८ को नीति तथा कार्यक्रमका लक्ष्यहरु निम्नानुसार रहेका छन् :**

१. गाउँपालिकाको पूर्वाधार विकासमा जोड दिने ।

२. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

३. कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि गरी आयस्तर बढाउने ।

४. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ दिलाउने ।

५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।

६. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने ।

७. शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धि गरी स्वस्थ र समृद्धिउन्मुख बनाउने ।

८. सुशासन र सार्वजनिक सेवा प्रवाहमा मितव्ययी, पारदर्शी एवं प्रभावकारी बनाई जनताले छिटोछरितो र विश्वासिलो महसुस गर्ने गरी सेवा सञ्चालन गरिने ।

**आगामी आर्थिक वर्ष २०७७०७८ को नीति तथा कार्यक्रमको प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् :-**

१. व्यावसायिक कृषि तथा व्यावसायिक पशुपालनको माध्यमबाट उत्पादन वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।

२. गाउँपालिका भित्र स्थानीय सडक तथा पुल, सिँचाई, साना तथा लघु जलविद्युत जस्ता आधारभूत पूर्वाधारहरुको विकास गर्नु ।

३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई एवं पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार ल्याउनु ।

४. धार्मिक एवं ऐतिहासिक पर्यटन, पर्या-पर्यटन, साहसिक पर्यटनको सम्भावनाको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउनु ।

५. समाजमा परम्परागत रुपमा चलिआएका धर्म संस्कृति अनुसारका जात्रा तथा पर्व, रहनसहन र मौलिकताको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्त अनुरुप प्रत्यक्ष लाभ पुऱ्याउनु ।

७. जनतालाई सेवा प्रवाह र सुशासनको प्रत्याभूति दिलाउनु ।

८. जलवायु परिवर्तन अनुकूलन कार्यमार्फत विकास निर्माण गर्नु ।

**अध्यक्ष महोदय,**

**अब म आर्थिक विकास कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

**कृषि तथा पशु विकास तर्फ**

१. यस गाउँपालिकालाई कृषि तथा पशुतर्फ सर्शत अनुदान शीर्षकमा **४७ लाख** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट कृषि तथा पशु विकासतर्फ रु. १ करोड विनियोजन गरिएको छ ।

२. **"सम्पुर्ण जग्गाको बर्गिकरण : कृषियोग्य जग्गाको संरक्षण"** भन्ने नारालाई सार्थक पार्न कृषकहरुलाई कृषि उपकरण अनुदान, साना कृषि सिँचाई कुलो निर्माण तथा सुधारका लागि रकम विनियोजन गरिनेछ ।

३. बाँझो रहेको कृषियोग्य भूमिमा माटो सुहाउँदो फलफूलबाली लगाउने कृषकलाई सम्मान तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरी बाँझो जग्गा उपलब्धीमूलक बनाउने नीति अवलम्वन गरिनेछ ।

४. यस गाउँपालिकामा पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूहका लागि व्यवसायिक कृषि तथा पशुपालनतर्फ आकर्षित गर्न नीतिगत व्यवस्था गरिनेछ ।

५. आँप, लिची, सुन्तला, अमिलो, कागती, स्याउ, केरा, ओखर जस्ता सबै हावापानी अनुकूलका व्यवसायीक फलफूल खेतीका साथै व्यवसायीक रुपमा अर्गानिक तरकारी खेती गर्ने र च्याउखेती गर्ने कृषकहरुलाई बोटविरुवा, बीउविजन ल्याउनका लागि अनुदान दिने व्यवस्था गरिनेछ ।

६. गाउँमा उत्पादित आलु र प्याजको बजारीकरण तथा भण्डारणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. युवा तथा महिला लक्षित व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवसायीक रुपमा फार्म दर्ता गरी मौरी पालन, माछा पालन, कुखुरा पालन, बंगुरपालन, भैसी पालन,गाईपालन गर्ने कृषकहरुलाई उत्प्रेरित गर्न कृषि अवलोकन भ्रमणको समेत व्यवस्था मिलाइनेछ ।

**उद्योग, पर्यटन तथा सहकारी तर्फ**

८. यस गाउँपालिकालाई उद्योग,पर्यटन तथा सहकारी तर्फ सर्शत अनुदान शीर्षकमा रु. **३० लाख** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट उद्योग,पर्यटन तथा सहकारी तर्फ रु. **५० लाख** विनियोजन गरिएको छ ।

९. **"उद्यम शिलतामा,रोजगार र उत्पादन बृद्धि : हुन्छ गापाको समृद्धि"**गरिब घरपरिवार एवं लक्षित समूहका लागि ग्रामीण लघु घरेलु उद्योग विकास कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१०. यस क्षेत्रमा पाइने उच्च मूल्यका जडिबुटीहरुको वैज्ञानिक व्यवस्थापन गरी सार्वजनिक निजी साझेदारी मोडेलमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

११. यस गाउँपालकिामा खनिज पदार्थको प्रचुर सम्भावना रहेकोले यसको खोज तथा अन्वेषण र उत्खननका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

१२. गाउँपालिकालाई पर्यटकीय गन्तव्यस्थल बनाउन र पर्यटकीय पूर्वाधार विकास गर्न पर्यटन गुरुयोजना निर्माण गर्न रकम विनियोजन गरिनेछ ।

१३. आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमलाई उच्च प्राथमिकता दिई पर्यटकीय गन्तव्यस्थल क्षेत्रका गाउँहरुमा होमस्टे संचालनमा थप जोड दिने व्यवस्था मिलाइनेछ ।

१४. नाइचुल्ला बाट खप्तड केवुलकार संचालन गर्न पहल गरिने छ ।

१५. आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न गाउँपालिका भित्रका पर्यटकीय स्थलको व्यापक प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्नुका साथै महत्वपूर्ण ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक क्षेत्रलाई समावेश गरी धार्मिक पर्यटनको प्रवर्द्धन, पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

१६. परम्परागत रुपमा चलिआएका संस्कृति, जात्रा तथा पर्व, लोक परम्परा, रहनसहन र मौलिकताको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।

१७. देशमा रहेका पर्यटकीय गन्तव्यस्थलहरुको पहिचान, निजी रुपमा सञ्चालित पर्यटकीय क्रियाकलाप तथा गतिविधि र पर्यटकीय पूर्वाधारहरुको व्यवस्थापन तथा सञ्चालनको सूचना प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाका पधाधिकारी र कर्मचारीहरुलाई आन्तरिक पर्यटकीय अवलोकन भ्रमणको आवश्यक व्यवस्था मिलाइनेछ ।

१८. गाउँमा रहेका सहकारीहरुको प्रवर्द्धन र सञ्चालन व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइनेछ ।

१९. सामुदायिक उत्पादन प्रणालीमार्फत आधुनिक कृषि तथा पशुपालन व्यवसाय गर्न अनुदानमा आधारित महिला सहकारी तथा कृषि सहकारी सञ्चालन गर्ने अवधारणा ल्याइनेछ ।

**अध्यक्ष महोदय,**

**अब म सामाजिक विकास तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**शिक्षा तर्फ**

२०. **"बालमैत्री अनिवार्य शिक्षा, ज्ञान र सीपको सुनिश्चितता"** भन्ने मूल नारालाई आत्मसात गर्दै यस गाउँपालिकाभित्र शैक्षिक गतिविधिहरु संचालन हुदै आईरहेका छन् । यस गाउँपालिकालाई शिक्षा तर्फ सर्शत अनुदान शीर्षकमा रु. **१२ करोड ११ लाख** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट सामाजिक विकास तर्फ रु. १ करोड ५० लाख विनियोजन गरिएको छ ।

२१. नेपाल सरकारबाट सञ्चालित **"बालबालिका लाई विद्यालय ल्याऔ र पढाइमा टिकाउ"** भन्ने अभियानलाई आत्मसात गर्दै यस गाउपालिका भित्र सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित

गर्न आगामी १ वर्षभित्रमा साक्षर नेपाल कार्यक्रम घोषणा भए अनुसार नै विद्यालय जाने उमेरका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गराइने नीतिको अवलम्वन गरिनेछ ।

२२. **"शिक्षकको हातमा पाठ्यक्रम र विद्यार्थीको हातमा पाठ्यपुस्तक"** को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२३. विद्यालयहरुको पूर्वाधार निर्माण तथा सुधारमा जोड दिई विद्यालयहरुमा गुणस्तर शिक्षाका लागि सीपमूलक तथा प्रविधियुक्त पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२४. स्थानीय तहले शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने आर्थिक भारलाई न्यूनिकरण गर्न नेपाल सरकारद्वारा जारी शिक्षा ऐनमा व्यवस्था भए अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुको अनुगमन गरी शिक्षक विद्यार्थी अनुपात, भौगोलिक विकटता, भौतिक अवस्था, एक विद्यालय देखि अर्को विद्यालयसम्मको दूरी आदीका आधारमा दरवन्दी मिलान गरी विद्यालय मर्ज गरिने नीति अवलम्वन गरिनेछ ।

२५. आधारभूत तह र मा.वि. तहको विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ ।

२६. मौजादा कोटा बाट सम्पुर्ण विद्यालयमा एक विद्यालय एक बालविकास केन्द्रको ब्यवस्था गरिने छ ।

२७. **"प्राविधिक शिक्षा आजको आवश्यकता"** भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा प्राविधिक शिक्षालय स्थापनाका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

२८. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाको विकासका लागि शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शि.अ.सं. अन्तक्रिया, शिक्षक विद्यार्थी अभिभावक अन्तक्रियाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. विद्यार्थीहरुको मनोवल तथा क्षमता वृद्धिका लागि शारीरिक व्यायाम, विद्यार्थी खेलकुद, अतिरिक्त क्रियाकलाप संचालन, जेहेन्दार विद्यार्थी प्रोत्साहनको व्यवस्थाका लागि थप रकम विनियोजन गरिनेछ ।

३०. अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउन प्राविधिक शिक्षालय र हरेक सामुदायिक विद्यालयहरुमा अनिवार्य सीपमूलक प्राविधिक कक्षा सञ्चालन गर्ने नीति लिइनेछ ।

३१. कक्षा ५ र कक्षा ८ को अन्तीम परिक्षा गाउपालिका स्तरिय परिक्षा संचालनमा निरन्तरता गरिने छ ।

३२. अध्यक्ष कप प्रतियोगिता लाई निरन्तरता दिइने छ ।

३३. अध्यक्ष छात्रबृद्धि कोषको स्थापना गरिने छ ।

३४. उच्च शिक्षामा छात्राहरुको पहुँच तथा सहभागिता बढाउन उच्चमाध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने छात्रालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

३५. आधारभुत विद्यालयमा दिवा खाना, सरसफाइ,प्रारम्भीक तह पढाई कार्यक्रम सचालनमा जोड दिने छ ।

**अध्यक्ष महोदय,**

**अब म स्वास्थ्य तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**स्वास्थ्य तर्फ**

३६. यस गाउँपालिकालाई स्वास्थ्य तर्फ सर्शत अनुदान शीर्षकमा रु. **३ करोड १८ लाख ९० हजार** बजेट सीमा प्राप्त भएको छ । यस गाउँपालिकाबाट समेत स्वास्थ्य तर्फ रु. **१ करोड ५० लाख** विनियोजन गरिएको छ ।

३७. यस गाउँपालिकाबाट कोरोना रोकथामका लागी **१ करोड** विनियोजन गरिएको छ ।

३८. हरेक नेपालीको स्वस्थ भई बाँच्न पाउने हकलाई सुनिश्चित गर्न गाउँपालिकामा रहेका स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरहरुको क्रमशः स्तरोन्नति गरिने नीति अवलम्वन गरिनेछ ।

३९. सरकारले निःशुल्क उपलब्ध गराउने औषधिहरु सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्थाका लागि नेपाल सरकारसँग आवश्यक पहल गरिनेछ ।

४०. गाउँपालिका स्थित सबै किसिमका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधी तथा स्वास्थ्य सेवाको मापदण्ड र व्यवस्थापनको प्रभावकारिता बढाउन अनुगमन र मूल्याङ्कन पद्दति कडाइका साथ लागू गरिनेछ ।

४१. गाउँपालिकामा आउनसक्ने महामारी तथा विपदबाट हुनसक्ने सम्भावित जनधनको क्षति न्यूनिकरणका लागि गाउँपालिकाले औषधी र उपकरण सहितको एक स्वास्थ्य इकाई गठन गरी विपद व्यवस्थापन कार्य द्रुत गतिमा सञ्चालन गर्नका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

४२. सबै स्वास्थ्य संस्थाद्वारा हरेक नागरिकमा गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच पुग्ने गरी निशुल्क उपचार, आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तथा गाउँपालिकाको प्रसूति सेवालाई प्रभावकारी बनाई मातृशिशु स्वास्थ्यमा सुधार ल्याई मातृमृत्युदर, शिशु बालमृत्यदर, कुपोषणदर, रोगको प्रकोप दर घटाई CPR औसत आयु वृद्धि गर्ने नीति अवलम्वन गरी कार्यान्वयनमा ल्याइनेछ ।

४३. जेष्ठनागरिक तथा अपाङ्गहरुका लागि समय समयमा घर दैलोमा उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

४४. १००० दिनका आमाहरु लाई प्रतेक महिनामा आमा समुहमा आवद्ध गराइ आमा र बच्चाको पोषण स्थिती अवलोकन पोषण परामर्श गर्न नियमित स्वास्थ्य कर्मीले भेट गर्ने ब्यबस्था मिलाइने छ ।

४५. यस गाउँपालिकाको जनसंख्याको चापलाई मध्यनजर गरी X-ray, USG, Video X-ray, Genaral Lab, Doctor, CS सहितको सेवा दिने एम्वुलेन्स सहितको २५ शैयाको अस्पताल कार्यन्वयनका लागी नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

४६. भौतिक पूर्वाधार नभएका स्वास्थ्य चौकीहरुको जग्गा व्यवस्था गर्न लगाई भौतिक पूर्वाधार तयार गरि सुविधा सम्पन्न गराइने छ ।

४७. बालविवाह, बहुविवाह, बोक्सी प्रथा, लैङ्गिक तथा घरेलु हिंसा, छाउपडी प्रथा जस्ता अन्धविश्वास एवं कुरितीहलाई निरुत्साहित गर्न प्रचलित कानुनको कडाइका साथ कार्यान्वय गर्दै यस्ता कुप्रथा विरुद्ध जनचेतना अभियान सञ्चालन गरिनेछ ।

४८. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिलाहरुलाई लक्षित गरी उनीहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

४९. आर्थिक र सामाजिक रुपमा विपन्न, एकल महिला, दलित, जनजाती, अल्पसंख्यक, वञ्चितिकरणमा परेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा जोखिम अवस्थामा रहेका महिलाहरुको रोजगारी, उद्यमशीलता, क्षमता विकास तथा सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. गाउँस्तरमा युवा तथा महिलाहरुलाई आयआर्जनमा लगाई उद्यमशील बनाउन तालिम तथा प्रोत्साहन कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

५१. विद्यालय जाने बालबालिकाहरुलाई उत्साहित गर्न र सबै प्रकारका बालश्रम निरुत्साहित गर्ने बालश्रम निषेधको नीति अवलम्वन गरी अनुगमनको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

५२. बालबालिकाको मनोबल र क्षमता विकास गर्न बालक्लवको स्थापना, बाल खेल प्रतियोगिताको आयोजना गरिनेछ ।

**अध्यक्ष महोदय,**

**अब म पूर्वाधार विकास तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

५३. **"भौतिक पूर्वाधार, विकासको आधार"** भन्ने तथ्यलाई आत्मसाथ गर्दै गाउंपालिकामा भौतिक पूर्वाधारको विकासलाई पहिलो प्राथमिकतामा राख्दै वडा कार्यालय पहुँच मार्ग सडक सञ्जाल विस्तार कार्यलाई निरन्तरता दिइएको छ ।

५४. यस गाँउपालिका हुदै जाने राष्ट्रिय गौरवको योजना सेती लोकमार्ग को काम लगाडी बढाउनका लागी नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

५५. गाउँपालिकाका स्थानीय सडक तथा ग्रामीण सडकहरुको क्रमशः स्तरोन्नति तथा सुधार गर्दै जाने र उपयुक्त ठाउँमा सार्वजनिक पार्क र प्रतिक्षालय निर्माण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

५६. खानेपानीको स्रोतको संरक्षण गरी सबैलाई आधारभूत खानेपानी तथा सरसफाई को लागी रु. ५० लाख विनियोजन गरिएको छ ।

५७. गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापनका लागि सबै वडाहरुमा ल्याण्डफिल साईट स्थापना गरी रिसाइक्लिङ्ग र प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

५८. गाउँको मुख्य आधार कृषि भएकोले कृषि उत्पादनमा वृद्धि गर्न RCC सिंचाई र पाइपद्वारा सिंचाइ कुलोका आयोजनाहरु संचालन गर्न **रु.६९ लाख ७५ लाख** विनियोजन गरिएको छ ।

५९. खप्तडछान्ना गाँउपालिका २ निम तोलेनि,वडा ४ माझिगाँउ तोलीनी,वडा न ३ को सिल्कावाडामा लिप्ट इरिकेसन द्धारा सिचाई गरि ब्यवसाय तरकारी खेती गरि आय आर्जन मा बृद्धि गर्न जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय बझाङ्ग सग अनुरोध गरी सम्पन्न गर्ने ब्यावस्था मिलाउने छ ।

६०. राज्यको चौथो अंगका रुपमा रहेको सञ्चार क्षेत्रको हक अधिकार सुरक्षित गरी स्थानीय सञ्चार तथा पत्रकारितालाई प्रोत्साहन गर्न सञ्चार क्षेत्रको प्रवर्द्धन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।

६१. गाउँपालिकामा खेलकूद विकासका लागि रंगशाला, व्यायामशाला र खेलकूद मैदान निर्माण गरी प्रयोगमा ल्याउने नीति लिइनेछ ।

६२. खेलकूद कार्यक्रमहरु आयोजना गरी बालबालिका तथा युवाहरुलाई खेलदूक तर्फ आकर्षण गर्न विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि रकम विनियोजन गरिएको छ ।

६३. यस गाउँपालिकालाई युवा तथा खेलकुद तर्फ सर्शत अनुदान शीर्षकमा रु. **१० लाख १० हजार** बजेट सीमा प्राप्त भएको छ ।

६४. यस गाउँपालिकालाई प्रधानमन्त्री रोगजार कार्यक्रम  तर्फ सर्शत अनुदान शीर्षकमा रु. **६५ लाख** बजेट सीमा प्राप्त भएको छ ।

६५. कामका लागी रोजगार भन्ने नारा लाई आत्मसाथ गर्दे प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ ।

६६. यस गाँउपालिका भित्र रहेका बेरोगार युवाहरुको तथ्याङ्क सकलन गरी विभिन्न रोजगारका कायक्रमहरु संचालनमा जोड दिइने छ ।

६७. यस गाउँपालिकालाई ग्रामिण जलस्रोत्र ब्यवस्थापन तर्फ सर्शत अनुदान शीर्षकमा रु. **९८ लाख** बजेट सीमा प्राप्त भएको छ ।

६८. ग्रामिण जलस्रोत्त ब्यवस्थापन परियोजना द्धारा संचालित योजनाहरुको निरन्तरता दिने र थप आयोजनाहरु प्रभावकारी रुपमा संचालन गरिने छ ।

६९. ग्रामिण जलस्रोत्र ब्यस्थापन अन्तर्गत स्वाच्छ खानेपानी र सरसफाइमा विशेष ध्यान दिइने छ ।

७०. यस गाउँपालिकालाई संघिय सरकार विशेष अनुदान तर्फ शीर्षकमा रु. **१ करोड ५० लाख** बजेट सीमा प्राप्त भएको छ ।

७१. यस गाउँपालिकालाई संघिय सरकार बाट झौलगे पुल कार्यक्रम  तर्फ सर्शत अनुदान शीर्षकमा रु. **२८ लाख** बजेट सीमा प्राप्त भएको छ ।

७२. गोर्खाली र खडीखेत झौलगे पुल को काममा निरन्तरता दिइएको छ र जजुराडा,जुकेना झौलगे पुल थप निमार्ण गरिने छ ।

**अध्यक्ष महोदय,**

७३. यस गाउँपालिकाबाट आगामी आर्थिक वर्ष २०७७।०७८ का लागि लघु जलविद्युत तथा ऊर्जा विकास तर्फ आवश्यक रकम विनियोजन गरिएको छ ।

७४. यस गाउँपालिकाले गत वर्ष घोषणा गरेको उज्यालो गाउँपालिका अभियानलाई सफल पार्न आगामी वर्ष पनि निरन्तरता दिइएको छ ।

७५. उज्यालोबाट वञ्चित भएका वडाहरुलाई लक्षित गरी लघुजलविद्युत आयोजना सञ्चालन गर्ने आवश्यक प्रबन्ध मिलाइनेछ ।

७६. यस गाँउपालिका अन्तरगत सम्पुर्ण वडाहरुमा राष्ट्रिय प्रशारण लाइन जडानका लागी राष्ट्रिय विधुत प्राधिकरणमा आबश्यक पहल गरिने छ ।

**अध्यक्ष महोदय,**

**अब म वातावरण तथा विपद व्यवस्थापन तर्फको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

७७. गाउँपालिकाले संघ-संस्थाहरुसँग समन्वय गरी नाङ्गा डाँडाहरुलाई हराभरा बनाउन एक गाउँ एक नर्सरीको निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७८. वृक्षारोपणको माध्यमबाट भू तथा जलाधार संरक्षण गरी प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनका कार्यक्रममा व्यापक जनसहभागिता परिचालन गरिनेछ ।

७९. भूक्षय नियन्त्रण, पहिरो नियन्त्रण, जलउत्पन्न प्रकोप, नदी मुहान तथा नदी कटान संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. यस गाउपालिका बाट विपद ब्यवस्थापन तर्फ रु **६४ लाख** विनियोजित गरिएको छ ।

८१. गाउँपालिकामा विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण योजना तयार गरी सोही अनुरुप कार्य गरिनेछ । प्राकृतिक विपदमा परेकाहरुको खोज तथा उद्दार गर्न पूर्वतयारी स्वरुप आवश्यक उपकरणहरु खरिद गरी तयारी अवस्थामा राखिनेछ ।

८२. गाउँपालिका भित्र निर्माण गरिने सार्वजनिक भवन, खानेपानी, शौचालय, सडकहरु भूकम्प प्रतिरोधात्मकका साथै अपांङ्ग, महिला र बालमैत्री हुने गरी निर्माण गरिनेछ ।

८३. जलवायु परिवर्तन न्यूनीकरण गर्न वातावरण संरक्षण र जैविक विविधताको संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अध्यक्ष महोदय,**

**अब म कर प्रणाली सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८४. गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्व वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

८५. कर सचेतना कार्यक्रम सञ्चालन गरी करको दायरा विस्तार गरिनेछ ।

८६. गाउँपालिकाको करको संरचना र करका दरहरु समय सापेक्ष हुने गरी कर प्रणालीलाई थप प्रगतिशिल एवं समन्यायिक बनाइनेछ ।

८७. करको दर तथा दायरा फराकिलो पारी आत्मनिर्भर गाउँपालिका बन्न आन्तरिक स्रोतको खोजी गरिनेछ ।

८८. गाउँपालिकास्तरमा कर असुल उपर गर्न, चुहावट नियन्त्रण गर्न, समन्वय र अनुगमन गर्न तथा संगठन संरचना तयार गर्न आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

८९. घरजग्गाको विद्यमान मूल्याङ्कन प्रणालीलाई समयानुकूल सुधार गरी प्रचलित बजार मूल्य र न्यूनतम मूल्याङ्कन बीच रहेको दूरी कम गरी सम्पत्ति कर लागू गर्न कार्यविधि बनाइनेछ ।

**अध्यक्ष महोदय,**

**अब कार्यान्वयन क्षमता सुधार सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

९०. विगतका क्रमागत आयोजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिँदै नयाँ आयोजनाहरुलाई कार्यान्वयनमा लगिनेछ ।

९१. गाउँपालिकालाई प्राप्त स्रोतहरुको उचित व्यवस्थापन गरी र समयमा उपलब्धी हासिल गर्न गाउँस्तरको योजनाहरु तर्जूमाका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

९२. आगामी दिनमा योजना छनौटका लागि आम छान्नाबासी सहभागी भई योजना छनौट गर्ने प्रणाली विकास गरिनेछ ।

९३. गाउँपालिका र वडा कार्यालयले सञ्चालन गरेका तर स्रोतको अभाव रही सम्पन्न हुन नसकेका र दोहोरो नपर्ने अवस्थामा लागत प्रतिफल अनुकूल र सामाजिक दायित्वका आधारमा प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममा आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

९४. विकास आयोजनाहरु छनौट गर्दा सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनालाई परियोजना बैंकमा समावेश गरेर मात्र बजेटको सुनिश्चितता

गर्ने गरी पहिलो चौमासिक अवधिभित्रै योजना छनौट कार्यविधि बनाई लागू गर्न पर्याप्त बजेट विनियोजन गरिनेछ ।

९५. सडक, खानेपानी, सिँचाइ, तटवन्धन लगायत ऊर्जाका आयोजनाहरु कार्यान्वयन गर्दा आवश्यकताका आधारमा सम्भाव्य योजनाहरुको अध्ययन प्रतिवेदनहरु तयार गरी स्वीकृत भएपछि मात्र कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

९६. यस कार्यालयबाट हुने गरेका विकास निर्माणका कामहरुको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन नियमित रुपमा सूचक सहितको अनुगमन गरी सार्वजनिक गरिने व्यवस्था मिलाइनेछ ।

९७. स्थानीय विकास योजनाको नियमित नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न अध्यक्षज्यूको संयोजकत्वमा स्थानीय विकास समस्या समाधान समिति गठन गरिनेछ ।

९८. आगामी आर्थिक वर्षको लागि विनियोजित बजेटको स्रोत फरक पर्न गएमा सोलाई हिउदे अबिधेशनमा संशोधन गरिसक्नुपर्ने व्यवस्था मिलाएको छु ।

९९. बजेट कार्यान्वयनको प्रगति र देखिएका समस्या समाधान गर्न त्रैमासिक रुपमा विषयगत शाखा प्रमुखहरु र वडा सचिवहरुको उपस्थितिमा बजेट समिक्षा गर्ने व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

**अब म संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१००. यस गाँउपालिका बाट प्रत्येक वडा कार्यालय बाट योजना विनियोजन गर्नका लागी रु ३० लाखका दरले **२ करोड १० लाख** विनियोजित गरिएको छ ।

१०१. आफ्नै भवन नभई घरभाडा लिई सेवा प्रवाह गरिरहेका कार्यालयहरुको क्रमशः आफ्नै भवन निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

१०२. पुरानो र जीर्ण हुँदै गएका वडा कार्यालयहरुको भवन मर्मत तथा सुधारका लागि रकम विनियोजन गरिनेछ ।

१०३. विभिन्न क्षेत्रमा हुने गरेका संस्थागत र मिलोमतोमा हुने भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

१०४. गाउँपालिका र अन्तर्गतका निकायहरुको सार्वजनिक खर्चमा मितव्ययिता, प्रभावकारिता र पारदर्शीता कायम गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१०५. बजेट खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी आन्तरिक लेखा परीक्षणलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१०६. ईन्टरनेटको माध्यमबाट कार्यालयलाई कागज रहित कार्यालय बनाइने छ र प्रत्येक वडाहरुमा ईन्टरनेटको पहुँच पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

१०७. गाउँपालिका कार्यालयमा सार्वजनिक जवाफदेहिताका सूचकहरु, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लैङ्गिक बजेट परिक्षणलाई निरन्तरता दिइनेछ ।

१०८. यस गाउँपालिकालाई लैगिङ्क समानता कार्यक्रम तर्फ सर्शत अनुदान शीर्षकमा रु. **३ लाख** बजेट सीमा प्राप्त भएको छ ।

१०९. यस गाउँपालिकालाई  समानता कार्यक्रम तर्फ सर्शत अनुदान शीर्षकमा रु. **३ लाख** बजेट सीमा प्राप्त भएको छ ।

**अध्यक्ष महोदय,**

**अब म राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण शाखा सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

११०. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यावस्थापन सुचना प्रनाणी र ब्यवस्थापन घटना दर्ता सुद्धिकरणका लागी राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागबाट रु. **२९ लाख** शर्सत अनुदान विनियोजन भएको छ ।

१११. पुराना ब्यक्तिगत घटनाका दर्ता कितावहरु डिजिटाइज गरी तत् प्रश्चात हुने ब्यक्तिगत घटना दर्ता पूर्ण अनलाइन प्रणली मार्फत गराइने छ ।

११२. ब्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्याक्रम सम्वन्धीत वडा कार्यालय बाट अनलाइन माफत सन्चालन गर्नका लागी काम अगाडी बढाइने छ ।

११३. सामाजिक सुरक्षा भर्ता वितरण लाइ सहज बनाउनका लागी प्रत्येक सेवा ग्राहीको परिचय पत्रको ब्यवस्था गरिनेछ ।

११४. सामाजिक सुरक्षा भता वितरण सम्भव भए सम्म बैक माफत संचालन गर्न प्रयास गरिने छ ।

११५. प्रत्येक वडा बस्तीमा सामाजिक सुरक्षा सम्वन्धी जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ ।

११६. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्तामा नागरिकको सहज पहुच पुयाउन तथा शत् प्रतिशत घटना दर्ता गराउन सुचना संचार तथा पहुँच अभियान(दर्ता शिविर) संचालन गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना र अघिल्लो वर्षको विनियोजनबाट भएको खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु :

- आर्थिक वर्ष २०७६।०७७ का लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ८२ लाख, राजस्व बाँडफाँड तर्फ रु. ६ करोड २० लाख र सर्शत अनुदान तर्फ रु. १५ करोड २९ लाख, प्रदेश समानिकरण ६८ लाख ५६ हजार,प्रदेश राजश्व बाडफाड १० लाख ८४ हजार  चालु आर्थिक वर्षको विनियोजन गरेको छु ।
- नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजन हुन सक्ने समपूरक तथा विशेष अनुदान रकमलाई गाउँपालिकाले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा पूर्वाधार विकासका योजना कार्यान्वयन गर्नका लागि योजनाको सम्भाव्यता, लागत, प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय वा भौतिक क्षमता वा जनशक्ति योजनाको आवश्यकता र प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्नका लागि समपुरक कोष शिर्षकमा रु. **१ करोड** छुट्टाइएको छ ।

**अध्यक्ष महोदय,**

**अन्त्यमा**

- यस नीति तथा कार्यक्रमबाट आर्थिक क्रियाकलाप विस्तार भई उच्च आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा राखिएको छ । प्रस्तुत बजेटबाट मानव विकास सूचकमा क्रमशः सुधार हुँदै जानेमा विश्वस्त छु ।
- यस गाउँपालिकाको नीति तथा कार्यक्रम एवं आगामी वर्ष २०७७।०७८ को बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति उपर गाउँसभामा घनिभूत छलफल भई गाउँसभा सदस्यज्यूहरुले दिनुभएका सुझावहरु प्रस्तुत बजेटको आधारको रुपमा रहेका छन् । बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने गाउँसभाका सदस्यज्यूहरु, गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरु, कर्मचारीहरु, स्थानीय वुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक एवं सामाजिक संघसंस्थाहरु, पत्रकार तथा सञ्चारकर्मीहरु र सबै छान्नाबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- गत वर्षका कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन एवं सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधिज्यूहरु, कार्यपालिका एवं गाउँसभाका पदाधिकारीज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, करदाताहरु, स्थानीय बुद्धिजीवि, उपभोक्ता समितिका पदाधिकारीहरु, सरोकारवालाहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु आमनागरिकहरु लगायत यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिँदै आगामी दिनहरुमा पनि बजेटको सफल कार्यान्वयनमा यहाँहरुबाट अझ बढी पारदर्शीता, मितव्ययिता, सहभागिता एवं थप उत्तरदायी भूमिकाको अपेक्षा राख्दछु ।

धन्यवाद !

मितिः २०७७ असार १० गते

पावसरा थापा
उपाध्यक्ष
खप्तडछान्ना गाउँपालिका

**आगामी वर्ष २०७६।०७७ का लागि विषयगत विनियोजित बजेट**

| क्र.सं. | विषयगत शीर्षक | विनियोजित बजेट (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड | |
| २ | सामाजिक विकास | ४ करोड | |
| ३ | पूर्वाधार विकास | ३ करोड ६० लाख | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ६४ लाख | |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | ६९ लाख ७५ हजार | |
| | **कूल बजेट** | **१० करोड ८३ लाख ७५ हजार** | |

## खप्तडछान्ना गाउँपालिकाको

# आर्थिक ऐन २०७७

**गाउँसभाबाट स्वीकृत भएको मिति : २०७७।०३।१०**

**खप्तडछान्ना गाउँपालिका**
छान्ना, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

# खप्तडछान्ना गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** खप्तडछान्ना गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खप्तडछान्ना गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि खप्तडछान्ना गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, गोठ, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाइने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोबार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोबार गर्ने ब्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **सवारी साधन सञ्चालन तथा प्रवेश अनुमति कर :** (१) गाउँपालिकाले आफूले निर्माण गरेका वा रेखदेख तथा व्यवस्थापन गरेका गाउँपालिका क्षेत्रभित्रका सडकहरु प्रयोग गरी व्यवसायिक रुपमा गुडने बस, जीप, ट्रक, ट्रयाक्टर आदि जस्ता सवारी साधनमा गाउँपालिकाले सवारी साधन सञ्चालन तथा प्रवेश अनुमति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको सवारी साधन सञ्चालन तथा प्रवेश अनुमति करको दर अनुसूची (७) बमोजिम हुनेछ ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनका लागि सवारी साधन सञ्चालन तथा प्रवेश अनुमति कर भन्नाले गाउँपालिकाले सडक मर्मत, सुधार तथा पहिरो पन्छाउने प्रयोजनार्थ लगाइएको कर भन्ने सम्झनु पर्दछ ।

(३) यो दफा संघ तथा प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

९. **विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

१०. **मनोरञ्जन कर :** (१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (९) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२) उप दफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

**११. बहाल बिटौरी शुल्क :** (१) गाउँपालिकाले आफूले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (१०) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**१२. पार्किङ्ग शुल्क :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (११) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

**१३. सेवा शुल्क, दस्तुर :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

१४. **बिक्री तथा निकासी शुल्क :** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) गाउँपालिकाले आफ्नो सिमाक्षेत्र भन्दा बाहिर बिक्री तथा निकासी हुने घोडा, भैंसीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(७) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

(८) यो दफा संघ तथा प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

१५. **घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाइनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाइनेछ ।

१६. **दण्ड जरिवाना :** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असूल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१७. **कर छुट :** (१) बार्षिक रुपमा तिर्नुपर्ने राजस्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजस्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजस्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१८. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

